मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ७ गते आइतबार ❑ 21 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रदेशमा ५ प्रतिशत भन्दा कम प्रशासनिक खर्च हुने गरेको छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
गण्डकी, ६ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशमा ५ प्रतिशत भन्दा कम प्रशासनिक खर्च हुने गरेको बताउनु भएको छ । संसदीय पत्रकार मञ्च गण्डकीको आयोजनामा "संघीयतामा आमसञ्चार अन्तरक्रिया तथा संसदीय र अदालती रिपोर्टिङ अभिमुखीकरण कार्यक्रम" को शनिबार पोखरामा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले प्रदेश सरकार महङ्गो भयो भन्ने भाष्य खडा गर्न उचित नभएको उल्लेख गर्दै प्रदेशमा प्रशासनिक खर्च ५ प्रतिशत भन्दा कम हुने गरेको बताउनु भएको हो ।



महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनमा प्रदेश सरकारहरूको प्रशासनिक खर्च कुल खर्चको ५ प्रतिशतभन्दा कम रहेको तर संघीय सरकारको प्रशासनिक खर्च करिब ५० प्रतिशतसम्म रहेको उहाँले दाबी गर्नुभयो । मुख्यमन्त्री पाण्डेले संघीयता अघि र पछि प्रशासनिक संरचनामा भएको परिवर्तनको उल्लेख गर्दै प्रदेश तहमा खर्च व्यवस्थापन अपेक्षाकृत मितव्ययी भएको दाबी समेत गर्नुभयो । पहिलाको केन्द्रीकृत प्रशासनिक संरचनाका कारण धेरै कार्यालयहरू विकेन्द्रीकरण भएको र अहिले ती संरचनाहरू प्रदेश मातहतमा समेटिएको उल्लेख गर्दै खर्च कटौती र सेवा प्रभावकारितामा प्रदेश सरकारले भूमिका खेलेको उहाँले दाबी गर्नुभयो । मुख्यमन्त्री पाण्डेले संघीयता कार्यान्वयनपछि प्रदेश सरकार जनतासँग प्रत्यक्ष रूपमा जोडिन सकेको दाबी गर्नुभयो। उहाँका अनुसार नागरिकले आफ्ना आवश्यकताहरू सम्बन्धित मन्त्रालयसम्म सहज रूपमा पुर्‍याउन सक्ने अवस्था बनेको छ र कठिन अवस्थामा सरकारको उपस्थिति अनुभूत हुने गरी सेवा प्रवाह भइरहेको जनाउनु भयो ।

कार्यक्रममा सांसद तथा पूर्व मन्त्री शुसिला सिंखडाले संसदीय पत्रकारिताप्रति पत्रकारहरूको ध्यान अझै पर्याप्त रूपमा नपुगेको गुनासो गर्नुभयो। उहाँले संसद् र नीति निर्माण प्रक्रियाको गहिरो रिपोर्टिङ आवश्यक भए पनि त्यसतर्फ कम चासो देखिने गरेको टिप्पणी गर्नुभयो ।

कार्यक्रममा प्रदेश सभाका सचिव गोविन्द पौडेल, नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेले लगायतले संसदीय पत्रकारिता बारे चर्चा गर्नुभयो । कार्यक्रम संसदीय पत्रकार मञ्च गण्डकीका अध्यक्ष विसन क्षत्रीको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो ।

## गण्डकीमा एक लाख ४१ हजार बढी ट्राफिक कारबाही

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

गण्डकी प्रदेशमा चालु आर्थिक वर्षको हालसम्म ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधन माथि गरिएको कारबाहीबाट रु १२ करोड ६९ लाखभन्दा बढी राजस्व सङ्कलन भएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पोखराका अनुसार चालु आवको जेठ मसान्तसम्म प्रदेशका ११ जिल्लामा विभिन्न ट्राफिक कसुरमा एक लाख ४१ हजार ६३० वटा कारबाही गरिएको जनाएको छ।

कारबाहीबाट रु १२ करोड ६९ लाख ४९ हजार ६८ राजस्व सङ्कलन भएको कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार ट्राफिक सबैभन्दा बढी कारबाही क्षमताभन्दा बढी यात्रु चढाउने सवारीमाथि कारबाही गरिएको छ। यसमा १८ हजार ८२७ सवारीलाई कारबाही गर्दा रु एक करोड ६४ लाख २९ हजार राजस्व सङ्कलन भएको छ। मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने ११ हजार ९६९ चालक कारबाहीमा परेका छन्। यसबाट रु ६५ लाख ८२ हजार ५०० राजस्व उठेको छ । ओभरलोडमा सात हजार २३ सवारीलाई कारबाही गर्दा रु ९४ लाख ७८ हजार ७०५ जम्मा भएको प्रहरी उपरीक्षक काफ्लेले बताउनुभयो। तीव्र गतिका कारण पाँच हजार ७९४ सवारी कारबाहीमा पर्दा रु ३४ लाख ५५ हजार ५०० राजस्व सङ्कलन भएको छ। प्रयोजनविपरीत सञ्चालित सवारी कारबाहीमा तीन हजार ३६० कारबाहीमा रु ६६ लाख तीन हजार ५०० जम्मा भएको छ। यस्तै, लेन अनुशासन उल्लङ्घन गर्ने एक हजार ४१ सवारीबाट रु पाँच लाख ७३ हजार उठेको छ। ध्वनि प्रदूषण, स्टन्ट र स्वरुप परिवर्तनमा ५२२ सवारी कारबाहीमा रु २४ लाख ८४ हजार ३६३ सङ्कलन भएको छ। यसैगरी, अन्य विभिन्न सवारी कारबाहीबाट रु आठ करोड १२ लाख ७९ हजार ५०० सङ्कलन भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले जनाएको छ।

ट्राफिक प्रहरीका अनुसार सडक सुरक्षालाई प्रभावकारी बनाउन नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथि निगरानी र कारबाहीलाई थप कडाइ गरिएको छ । लाइसेन्सविहीन सवारी सञ्चालन, मापसे, तीव्र गति तथा क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति अझै चुनौतीका रूपमा देखिएको कार्यालयले जनाएको छ। "दुर्घटना न्यूनीकरण, ट्राफिक सचेतना अभिवृद्धि तथा आधुनिक ट्राफिक व्यवस्थापन प्रणालीको विकासका लागि सबै पक्षको सक्रिय सहभागिता आवश्यक छ। यसबाट मात्र बढ्दो सवारी दुर्घटनाका कारण हुने मानवीय तथा भौतिक क्षति कम गर्न सहयोग पुग्छ", प्रहरी उपरीक्षक काफ्लेले भन्नुभयो।

## मुस्ताङ भन्सारबाट एघार महिनामा सात अर्ब ६६ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ६ असार

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-२ न्हेचुङमा अवस्थित मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक वर्षको ११ महिनामा रु सात अर्ब ६६ करोड ८५ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

चालु आवको साउनदेखि जेठ मसान्तसम्म नेपाल-चीन उत्तरी कोरलानाकाबाट भएको निकासी तथा पैठारी मालवस्तुबापत मुस्ताङ भन्सार कार्यालयले उक्त परिमाणमा राजस्व सङ्कलन गरेको हो । कार्यालयका प्रमुख विदुर चुडालका अनुसार नेपाल-चीन उत्तरी कोरलानाकाबाट रु १३ अर्ब ८९ करोड ५२ लाख मुल्य बराबरको मालवस्तु पैठारी भएको छ । यसैगरी रु २० करोड ५५ लाख ७४ हजार मुल्य बराबरको मालवस्तु भन्सार जाँचपास भई चीनतर्फ निकासी भएको भन्सार प्रमुख चुडालले जानकारी दिनुभयो । उहाँका अनुसार यस नाका गत ३१ भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएको हो।

गत जेठसम्म दुई हजार ९९७ वटा विद्युतीय सवारीसाधन (इभी) कोरलानाबाट भन्सार जाँचपास भई नेपाल भित्रिएका कार्यालयले जनाएको छ । भन्सार प्रमुख चुडालका अनुसार चीनबाट पैठारी गरिएका विद्युतीय सवारीसाधनबाट करिब रु सात अर्ब राजस्व सङ्कलन भएको छ। गत वर्ष उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका लागि मात्रै खुला भएको कोरला वैकल्पिक नाकाका रूपमा सञ्चालनमा ल्याइएको हो । कोरलानाका हुँदै निकासी तथा पैठारी गरिएबापत मुस्ताङ भन्सार कार्यालयले चालु आवको साउनमा सबैभन्दा कम रु सात लाख ५७ हजार र असोजमा सबैभन्दा बढी रु दुई अर्ब ४९ करोड २५ लाख राजस्व सङ्कलन गरेको कार्यालयका प्रमुख चुडालले जानकारी दिनुभयो । कोरलानाकाबाट विद्युतीय सवारीसाधनसहित चाडपर्व लक्षित लत्ताकपडा, इलेक्ट्रोनिक उपकरण, जुत्ताचप्पल, किराना सामग्री, कस्मेटिकलगायत मालवस्तु नेपाल भित्रिने गरेका छन् । यसैगरी, नेपालबाट हस्तकलासम्बन्धी सामग्री र स्थानीय उत्पादन चीनतर्फ निकासी हुने गरेका छन् ।

## हामी लोकतन्त्रप्रति प्रतिबद्ध छौँः सभापति लामिछाने

**पोखरापत्र संवाददाता**
चितवन, ६ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफ्नो पार्टी लोकतन्त्रबाट कहिल्यै विमुख नहुने बताउनुभएको छ।

पार्टीको महाधिवेशनअघि शनिबार यहाँ भएको बैठकमा उहाँले लोकतन्त्रबाट आफूहरू कदापि विमुख नहुने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो "सङ्घीय लोकतान्त्रिक गणतन्त्र, देशको संविधान मुलुकलाई अहिलेको अवस्थामा ल्याउन योगदान गरेकाहरूको जगमा हामी उभिएका छौँ, हामीलाई यसमा गर्व छ । हामी गर्वका साथ यो परिवर्तनको सँघारमा उभिएका छौँ । लोकतन्त्रबाट विमुख हुनेछैनौँ" आन्तरिक लोकतन्त्रलाई मजबुत पार्न


बाँकी अन्तिम पृष्ठमा ▶▶


## बास्तोला कम्प्लेक्समा डोजर चल्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

पोखरा बसपार्क बनाउने अभियान अन्तर्गत बसपार्क बास्तोला कम्प्लेक्समा शनिबार डोजर चलेको छ।

पोखरा महानगरपालिका वडा नम्बर ९ स्थित बास्तोला थर कम्प्लेक्समा शनिबार ३ सय २० वटा व्यापारीक सटर तथा अस्थायी घर टहराहरु भत्काइएको पोखरा महानगरपालिकाले जनाएको छ।

करिब पाँच दशकदेखि अड्किएको बसपार्क निर्माण योजनालाई अघि बढाउन महानगरले अस्थायी घर-टहरा हटाउने काम दुई दिन अघिदेखि बसपार्कमा डोजर लगायर भत्काउन सुरु गरेको थियो। बिहीबारदेखि सुरु भएको अभियान अन्तर्गत उत्तरतर्फ र पूर्वपट्टिका केही भाग गरी १ सय ८० भन्दा बढी अस्थायी घर टहरा तथा सटरहरु खाली गराइएसंगै डोजरको सहायताले भत्काइएको थियो । विहिबार र शनिबार बसापर्कमा डोजर संचालन गरेसंगै ४ सय भन्दा बढी अस्थायी घर तथा टहरा भत्काइएको पोखरा वडा नम्बर ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनु भयो। बास्तोला कम्प्लेक्स क्षेत्रमा थप करिब ३



सय २० संरचना हटाइएको उहाँले जनाउनु भयो।

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले सार्वजनिक जग्गा संरक्षण र व्यवस्थित शहरी पूर्वाधार निर्माण महानगरको प्राथमिकता रहेको बताउँदै बसपार्कलाई आधुनिक यातायात केन्द्रका रूपमा विकास गरिने स्पष्ट गर्नुभएको छ। उहाँले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान र व्यवस्थापन प्रक्रिया पनि सँगसँगै अघि बढाइने उल्लेख गर्नुभयो । "सार्वजनिक जग्गा संरक्षण अभियानलाई महानगरले प्राथमिकतामा राखेको छ। सुकुम्बासी बस्तीको पहिचान, जग्गा खोजी तथा व्यवस्थापनको काम तीव्र रूपमा अघि बढिरहेको छ," मेयर आचार्यले भन्नुभयो, "सबै पक्षसँग समन्वय गरेर व्यवस्थित बसपार्क निर्माण गरिनेछ।" पोखरा वडा नम्बर ९ को कार्यालयमा बसपार्क क्षेत्रमा ५ सय ७५ भन्दा बढी परिवारले आफूहरू सुकुम्बासी तथा अव्यवस्थित बसोबासी भएको भन्दै निवेदन दिएका छन् । ती निवेदनहरूको आधारमा वास्तविक सुकुम्बासी, भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान तथा वर्गीकरणको काम भइरहेको वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनु भयो । "निवेदन दिएका सबैको विवरण संकलन भइरहेको छ। प्राविधिक र प्रशासनिक रूपमा अध्ययन गरी वास्तविक अवस्था छुट्याउने काम भइरहेको छ," वडाध्यक्ष मर्सानीले बताउनुभयो । महानगरका अनुसार यसअघि गठन गरिएका समितिहरूले जग्गाधनी, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको यकिन विवरण संकलन र सिफारिसको काम गरिरहेका छन्। प्राविधिक अध्ययन, कित्ता मिलान, क्षेत्रफल निर्धारण तथा पुनर्वासका सम्भावनाबारे समेत विस्तृत प्रतिवेदन तयार गर्ने काम अघि बढाइएको छ । स्थानीयले भने बसपार्कलाई करिब १ सय ८७ रोपनी क्षेत्रफलमै व्यवस्थित रूपमा निर्माण गर्नुपर्ने माग राख्दै आएका छन्। महानगरले भने सुकुम्बासी व्यवस्थापनसहित सबै पक्षसँग सहकार्य गरेर कुनै अवरोधबिना बसपार्क निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको जनाएको छ । पोखरा बसपार्कलाई आधुनिक, व्यवस्थित र सेवा-सुविधायुक्त यातायात केन्द्रका रूपमा विकास गर्ने योजना अघि बढेसँगै क्षेत्रको पुनर्निर्माण कार्यले गति लिएको छ। पोखराको पालिखे परिवार, बास्तोला केही समुदायका व्यक्तिको नाममा बसपार्क क्षेत्र भित्र व्यक्ति जग्गा रहेको केही पोखरा उपत्यका नगर विकास समितिले सट्टा भर्ना दिएकोले बसपार्क क्षेत्रको उत्तरपट्टि केही व्यक्तिको नाममा जग्गा रहेको छ। महानगरको अभियानमा सहयोग गर्न स्थानिय, व्यावसायी र अस्थायी रुपमा बसेका सुकुम्बासीहरुले स्वतः स्फुर्त रुपमा अधिकांश अस्थायी घर तथा टहरा हटाउन सहयोग गर्नु भएको थियो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोउवा संघमा उत्पादनमा एआई प्रयोग, ब्राण्ड निर्माण र बजारीकरणबारे तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

उपभोक्ताले के खोज्छ ? सजिलो उत्तर हो- उपभोक्ताले आफ्नो आवश्यकता पूर्तिमा पनि सस्तो र गुणस्तरीय सामान रोज्छ। यहाँसम्म ठीकै हो । तर,मान्छेले उपभोग गर्ने सामानसँग उसको विश्वास अनि भावना पनि जोडिएको हुन्छ । उपभोक्ता सधैँ आफूले रोजेको बस्तु गुणस्तरीय र आफू सुहाउँदो होस् भन्ने चाहन्छ। उपभोग गर्ने वा लगाउने सामानले गर्व गर्ने वातावरण बनोस् भन्ने चाहना पनि उसको मनमा लुकेको हुन्छ।

उपभोक्ताको भित्री मनमा रहेको यही चाहनालाई संसारभरका उत्पादकहरुले ध्यानमा राख्छन्, आफ्नो उत्पादनलाई उपभोक्ताले खोजीखोजी किनोस् भन्ने चाहन्छन् । संसारका नामी ब्राण्डहरु उपभोक्ताको यही चाहनालाई केन्द्रमा राखेर सफल बनेका हुन् । नाइकी र एडीडासका जुत्ताहरु,स्टारवक्सको कफी,बर्गरकिङ्स ,कोकाकोला यस्तै नाम हुन्,जसलाई उपभोक्ताले



आँखा चिम्लेर उपभोग गर्छन् । तर,यी कम्पनीहरु पनि सुरुमा त्यति लोकप्रिय थिएनन् । ती उत्पादनलाई लोकप्रिय बनाउनको लागि कम्पनीले ठूलो मिहिनेत गरेका छन् । बजारिया भाषामा त्यसलाई 'ब्राण्डिङ' भनिन्छ । ब्राण्ड भनेको विश्वास हो र विश्वास आर्जन गर्न कम्पनीहरुले उपभोक्तासँग जोडिन सक्नुपर्छ । उपभोक्तासँग कसरी जोडिने ? पोखरा उद्योग वाणिज्य संघले स्केल अफ नेपाल भन्ने संस्थासँगको सहकार्यमा पोखरामा यही सीप सिकाउन सुरु गरेको छ । स्केल अप नेपाल पोखराकै केही युवाहरुले संचालनमा ल्याएको मार्केटिङ,ब्राण्डिङ र सूचना प्रविधिसँग खेल्दै व्यावसायिक सफलता सिकाउने संस्था हो । शुक्रबारबाट सुरु भएको तालिममा सहभागी ६१ जनालाई कसरी आफ्नो उत्पादनलाई अब्बल अर्थात् उपभोक्ताले रुचाउने ब्राण्ड बनाउने, आफ्नो उत्पादनलाई कसरी उपभोक्तासम्म पुऱ्याउने तथा पछिल्लो समय सूचना प्रविधि क्षेत्रमा व्यापक प्रयोग भएको कृतिम बुद्धिमत्ता (एआई) लाई उत्पादकत्वसँग जोड्ने भन्नेबारे सिकाइएको छ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीका अनुसार बदलिँदो बजारको स्वभाव र उत्पादन,बजारीकरणमा सूचना प्रविधिको प्रयोग सिकाउनै लागि तालिमको आयोजना गरिएको हो । 'कृतिम बुद्धिमत्ता (एआई) ले संसारको काम गर्ने शैली बदलेको छ । प्रविधिलाई उपयोग गरिएन भने पछि परिन्छ र उत्पादकत्व बढाउन यसलाई उपयोग गर्नुपर्छ भन्ने ठानेर तालिममा संघले चासो दिएको हो,'उनले भने,'हाम्रा उत्पादनहरु गुणस्तरीय भएरमात्र हुँदैन, प्रतिस्पर्धी बजारमा टिक्न त्यसको बजारीकरणमा पनि उत्तिकै ध्यान दिनुपर्छ ।'

पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमका अनुसार संघले पछिल्लो समय सदस्यहरुको क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री बनाउनको लागि विभिन्नखाले तालिम आयोजना गर्ने सिलसिलामा स्केल अप नेपालसँग सहकार्य गरिएको हो । तालिमको आइतबार समापन हुने उनले जानकारी दिइन् ।

प्रशिक्षक सौरभ लोहनीले ब्राण्ड निर्माण मान्छेको भावनासँग जोडिने खेल भएको बताए । उनले एआईको प्रयोग उत्पादकत्व बढाउन सहायक हुने पनि बताए ।

# खेलकुद पत्रकार मञ्चको एआई तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीको आयोजनामा पोखरामा शुक्रबारदेखि सुरु भएको 'डिजिटल युगको पत्रकारिता खेलकुद पत्रकारितामा एआई' सकिएको छ।

सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौंको सहयोगमा भएको तालिम शनिबार सकिएको हो । तालिममा खेलकुद पत्रकार हरूलाई एआईको सहयोगमा समाचार लेखन, तथ्यांक विश्लेषण, फोटो, अडियो, भिडियो सम्पादन र सामाजिक सञ्जाल व्यवस्थापनमा एआईको भूमिकाबारे व्यवहारिक अभ्यास गराइएको थियो । दुई दिनसम्म चलेको तालिमले पोखराका खेलकुद पत्रकारहरुलाई आधुनिक प्रविधिमा अभ्यस्त बनाउन महत्वपूर्ण भूमिका खेलेको आयोजकले विश्वास लिएको छ । तालिम समापनमा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष माधव रेग्मीले पत्रकारहरु सधैँ नयाँ सिकाइका लागि भोको हुनुपर्ने बताए । उनले प्रविधिमा आएको परिवर्तनलाई आत्मसात् गर्न नसके व्यावसायिक रुपमा पछि परिने भन्दै महासंघले पनि पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि प्रविधिमूलक कार्यक्रमलाई प्राथमिकता दिने स्पष्ट पारे । तालिमका मुख्य प्रशिक्षक अजय शर्माले डिजिटल युगमा पत्रकारिताको आयतन बदलिएकाले प्रविधिसँग डराउनुको साटो यसलाई सहायकका रुपमा लिनुपर्ने बताए । एआईका उपकरणहरुले पत्रकारको कामलाई छिटो र गुणस्तरीय बनाउन मद्दत पुऱ्याउने उनको भनाइ थियो । प्रशिक्षक शर्माले एआईका विभिन्न सफ्टवेयर र एप्लिकेशनहरु प्रयोग गर्दा पत्रकारिताको मौलिकता र नैतिक पक्षलाई भने सधैँ ध्यानमा राख्नुपर्नेमा जोड दिए।

तालिममा सहभागी प्रशिक्षार्थी पत्रकार दीपक परियारले तालिममा सिकेका कुराहरू कार्यक्षेत्रमा निकै उपयोगी हुने बताए । उनले खेलकुदका समाचार तयार पार्दा एआईका उपकरण प्रयोग गरेर कसरी समयको बचत र सामग्रीको विविधीकरण गर्न सकिन्छ भन्ने कुरा व्यवहारिक रुपमै सिक्न पाइएको अनुभव सुनाए । अर्की प्रशिक्षार्थी पत्रकार रोजी श्रेष्ठले बदलिँदो पत्रकारिताको परिवेशमा यस्तो प्राविधिक तालिमले पत्रकार हरूको आत्मविश्वास बढाएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखिन् । नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीका अध्यक्ष एमबी आस्थामगरको अध्यक्षतामा भएको समापन कार्यक्रमको सञ्चालन महासचिव पर्शुराम शर्माले गरेका थिए। २ दिनसम्म सञ्चालन भएको तालिममा ६५ खेल पत्रकार सहभागी थिए । उनीहरुलाई पत्रकार अजय शर्मा र सहारा क्लब पोखराका पूर्वअध्यक्ष विक्रम थकालीलगायतले प्रशिक्षण दिएका थिए।

# एन प्याब्सन कास्कीले आबद्ध विद्यालयका नेतृत्वकर्तालाई दियो प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

एन प्याब्सन कास्कीको आयोजना विद्यालय सशक्तीकरणका लागि २१औँ शताब्दीमा नेतृत्वका चुनौती विषयक प्रशिक्षण शनिवार देखि सुरु भएको छ।

काठमाण्डौं युनिभर्सिटी स्कुल अफ एजुकेसनको सहकार्यमा भएको उक्त प्रशिक्षण कार्यक्रम आइतबार समापन हुने छ। प्रशिक्षण कार्यक्रममा एन प्याब्सनमा आबद्ध ४४ विद्यालयका संस्थापक तथा प्रिन्सिपलको सहभागिता रहेको छ । उक्त प्रशिक्षण कार्यक्रममा काठमाण्डौं युनिभर्सिटी स्कुल अफ एजुकेसनका ढुण्डिराज गिरी, धनपति सुवेदी, डिल्लीराम भट्टराई, स्मृति न्यौपाने, राजीव सुवेदी, कृति सुब्बा र राजन अधिकारीले सहजीकरण गर्नेछन् । निजी विद्यालयका संस्थापक, प्रिन्सिपल तथा शैक्षिक नेतृत्वमा रहेका व्यक्तिहरूको सहभागिता रहेको उक्त कार्यक्रममा २१ औँ शताब्दीको बदलिँदो शैक्षिक परिवेशमा विद्यालय व्यवस्थापन, नेतृत्व क्षमता विकास, नवप्रवर्तन, प्रविधिको उपयोग तथा गुणस्तरीय शिक्षाको प्रवर्द्धनका विषयमा व्यापक छलफल गरिने भएको छ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेश पोखराका निर्देशका सुवास पन्तले प्रभावकारी नेतृत्वले विद्यालयको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै शैक्षिक संस्थाहरूले समयको मागअनुसार आफूलाई रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याए । उनले नेतृत्व केवल प्रशासनिक जिम्मेवारीमा सीमित नभई विद्यार्थी, शिक्षक र समुदायलाई सकारात्मक दिशामा प्रेरित गर्ने प्रक्रियासमेत भएको बताए । प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतमले यस्ता प्रशिक्षणले विद्यालय नेतृत्वलाई थप सक्षम, उत्तरदायी र परिणाममुखी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रमबाट प्राप्त ज्ञान र अनुभवलाई विद्यालय व्यवस्थापन तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा उपयोग गर्ने उनले आग्रह गरे । प्रशिक्षणका क्रममा सहभागीहरूलाई विद्यालयमा देखा पर्ने विभिन्न चुनौतीहरूको पहिचान, समस्या समाधानका उपाय, टोली व्यवस्थापन, निर्णय प्रक्रिया तथा संस्थागत विकासका रणनीतिबारे जानकारी प्रदान गरिएको थियो। सहभागीहरूले समूह छलफल, अनुभव आदानप्रदान तथा अन्तरक्रियात्मक सत्रमार्फत आफ्ना विचार प्रस्तुत गरेका थिए।

एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।

# हामी ...

सकिएन भने कुनै न कुनै बिन्दुमा पुगेर त्यसले दुर्घटना निम्त्याउने भन्दै उहाँले भन्नुभयो "एउटा घरमा पनि दुर्घटना र समाजमा हुने दुर्घटना भन्दा राजनैतिक पार्टीमा हुने दुर्घटनाको निकै ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ।" सचेत भएर अबका कदम चाल्नुपर्ने उहाँले बताउनुभयो।

जुन भूमिकामा रहे पनि आफूलाई जिम्मेवार नागरिकका रूपमा प्रस्तुत गर्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिँदै सभापति लामिछानेले अस्वस्थ प्रतिस्पर्धाबाट टाढा रहनुपर्नेमा जोड दिनुभयो।

पार्टीलाई अझ व्यवस्थित एवं गतिशील तुल्याउन अधिवेशन सफल हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

# मुस्ताङमा चक्रपथ निर्माण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ६ असार

थासाङ गाउँपालिकामा चक्रपथ निर्माण सम्पन्न भएको छ। विसं २०७७ मा 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक महत्वको सडक'योजनाअन्तर्गत सडक निर्माण गरिएको हो।

सङ्घीय सरकारअन्तर्गत सडक डिभिजन कार्यालय बागलुङका अनुसार चक्रपथ निर्माणपछि कालीगण्डकी नदी पारी रहेका चार वटा वडाका स्थानीयलाई सहज भएको छ । चक्रपथ निर्माणका लागि रु ३८ करोड ८८ लाखमा महालक्ष्मी हिमाली जेभी कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो । सडक डिभिजन कार्यालय बागलुङका इन्जिनियर सागर भण्डारीका अनुसार थासाङ गाउँपालिकाको चार वडाहरु जोड्ने चक्रपथका लागि बजेट अभाव हुँदा तोकिएको समयमा सम्पन्न हुन सकेको थिएन । विसं २०८० पुस ६ गते सम्पन्न भइसक्नुपर्ने थासाङ रिङरोड सडक बजेट अभाव हुँदा म्याद थपभई चालु वर्षको असार ३० गतेसम्म कायम गरिएको थियो । थासाङ गाउँपालिकाको लेते, छ्यो, कुज्जो, टिटी, धम्पु हुँदै कोखेठाँटीसम्मको सडकमा डिबिएसडी प्रविधिको कालोपत्र सडक निर्माण सम्पन्न भएको इन्जिनियर भण्डारीले बताउनुभयो।

थासाङस्थित चार वडा वडाका गाउँहरु जोड्ने रणनीतिक महत्वको चक्रपथ सडकका लागि आठ दशमलव पाँच मिटर चौडा हुने गरी १० किलोमिटर सडकमा कालोपत्र गरिएकोइन्जिनियरभण्डारीलेउल्लेख गर्नुभयो । रिङरोड सडकअन्तर्गत छ्योदेखि कोखेठाँटीसम्मको दूरीमा सडक स्तरोन्नति गरी कालोपत्र गरिएको हो । सडकको सम्पूर्ण काम सम्पन्न भई 'रोड मार्किङ' र 'ट्राफिक साइन पोष्टिङ' लगायतका काम सकिएका छन्।





गर्मी मौसममा सावधानी अपनाऔ,
सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, वासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालवालिका, ज्येष्ठ नागरिक तथा विरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जसलाई आशा कहिल्यै लाग्दैन, ऊ कहिल्यै निराश पनि हुँदैन।
- वनार्ड शा

## सम्पादकीय

# संवैधानिक मर्यादामाथिको हस्तक्षेप

लोकतान्त्रिक शासन व्यवस्थाको आधार केवल निर्वाचन र सरकार निर्माण मात्र होइन, राज्यका संस्थाहरूको स्वतन्त्रता, निष्पक्षता र कानुनको शासन पनि हो । विशेषतः संवैधानिक निकायहरू राजनीतिक प्रभाव र दबाबबाट मुक्त रहन सके मात्र नागरिकले न्यायपूर्ण शासनको अनुभूति गर्न सक्छन् । यस्तै सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईमाथि प्रधानमन्त्रीको निजी सचिवालयबाट अनुचित दबाब दिइएको भन्ने बिषय सार्वजनिक हुनु गम्भीर चासो र बहसको विषय बनेको छ।

अख्तियार प्रमुख राईलाई प्रधानमन्त्रीको निजी सचिवालयले ७ घण्टासम्म दवाव दिएको बिषय सामाजिक सञ्जाल तथा सार्वजनिक मञ्चहरूमा उठेका छन् । भ्रष्टाचार जस्तो जटिल बिषयको छानबिन अख्तियारले बर्षौ लगाएर गर्दा पनि तथ्य र प्रमाणहरू फेला पार्न सहज हुदैन । संबैधानिक निकायलाई दवावको दिनु भनेको कानुनी राज मान्न नसकिने अवस्था हो। प्र.म.को सचिवालयको अनुचित दवाव पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानी बिभागका महानिर्देशक तिर्थ राज अर्याल र प्रबिधि निर्देशक सुनिल केसीलाई पक्राउ गरेकोछ। उनीहरुलाई अर्याललाई राहदानी छपाईको टेण्डरको बिषयमा पक्राउ गरिएको हो । अख्तियारले पूर्व परराष्टमंत्री आर्जु राणा देउवालाई बयानमा बोलाएको छ। नेताहरुमाथि भ्रष्टाचारको आरोप लागेको बिषय छुट्टै होला, आरोप लाग्दैमा सबै प्रमाणित हुन्छन् नै भन्ने पनि छैन । तर भ्रष्टाचारको बिषयमा हेर्ने राज्यको स्वतन्त्र सम्बैधानिक निकाय छ। उत्त निकायलाई स्वतन्त्र ढंगबाट अनुसन्धान गर्न सहयोग पुऱ्याउनु पर्छ । ताकी राजनैतिक आग्रह पूर्वाग्रहका आधारमा होईन । नागरिकले कानुनी राज्यको प्रत्याभूति खोजेका हुन् जंगली राज होईन । प्रतिनिधिसभाको बैठकमा समेत यस विषयले प्रवेश पाएको छ । सांसदहरुले संवैधानिक निकायका प्रमुखलाई 'बन्दक बनाएर' दबाब दिइएको आरोप लगाउँदै सत्यतथ्य छानबिनका लागि स्वतन्त्र समिति गठन गर्न माग गरेका छन् ।

प्रधानमंत्री बालेन्द्र साहको यस्तो कार्यले लोकतान्त्रिक संस्थाको विश्वसनीयता र स्वतन्त्रतामाथि प्रश्न उठाएको छ । त्यसैले यस विषयलाई सामान्य राजनीतिक रुपमा लिन नमिल्ने हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग संविधानद्वारा स्थापित एक महत्वपूर्ण संवैधानिक निकाय हो। यसको प्रमुख दायित्व सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको भ्रष्टाचार तथा अख्तियारको दुरुपयोग सम्बन्धी अनुसन्धान गर्नु हो। यदि यस्तो निकाय राजनीतिक निर्देशन, दबाब वा प्रभावको अधीनमा काम गर्न बाध्य भयो भने त्यसले कानुनको शासनको मूल मर्मलाई नै कमजोर बनाउँछ । अनुसन्धान तथ्य र प्रमाणका आधारमा हुनुपर्छ, कुनै राजनीतिक स्वार्थ वा प्रतिशोधका आधारमा होइन । नेपालको संविधानले शक्तिको पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई आत्मसात गरेको छ। संवैधानिक निकायहरूलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण सुनिश्चित गर्नु राज्यको दायित्व हो । यदि कार्यपालिकाको कुनै निकाय वा राजनीतिक शक्ति केन्द्रले संवैधानिक संस्थालाई प्रभावित गर्ने प्रयास गरेको प्रमाणित भयो भने त्यो केवल प्रशासनिक त्रुटि मात्र नभई संवैधानिक मर्यादामाथिको हस्तक्षेप हुनेछ।

लोकतन्त्रमा कुनै पनि व्यक्ति वा संस्थालाई पर्याप्त प्रमाणबिना दोषी ठहर गर्न मिल्दैन। त्यसैले सरकार, प्रधानमन्त्रीको सचिवालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अवलम्बन गरेको निष्पक्ष छानबिनको प्रक्रियामा सहयोग गर्नुपर्छ । प्रधानमन्त्रीको बालेन्द्रको प्रतिशोध, अहंकार, दम्भ, घमण्डले गर्दा कहिले संसदमा बिवादास्पद अभिब्यक्त दिने, सम्वैधानिक निकायलाई गैरकानुनी काम गर्न दवाव दिने जस्ता अमर्यादित कार्यले अफ्ट्यारो पारेको छ। आफू न सर्वेसर्वा मैले जे गरे पनि हुन्छ म कानुन् र संबिधान भन्दा माथी हुम् भन्ने प्रबृति देखिन्छ। बिगतमा यस्ता कार्यलाई सन्तुलित बनाउने काम न्यायलयल हुने गर्दथ्यो । प्रधानमन्त्री आफैले बिवादित ढंगबाट नियुक्ति गरेका प्रधान न्यायाधीशले प्रधानमन्त्री बालेन्द्रले गरेका गल्ती, कमि कमजोरी सुधार गर्छन् भन्ने बिश्वास गर्न गाह्रो छ।

लोकतन्त्रमा संस्थाहरू व्यक्तिभन्दा ठूला हुन्छन् । सरकार बदलिन सक्छ, राजनीतिक शक्ति फेरिन सक्छ, तर संवैधानिक संस्थामाथिको जनविश्वास कमजोर भयो भने त्यसको असर सम्पूर्ण शासन प्रणालीमा पर्छ । अख्तियारमाथि दबाब दिइएको बिषय केवल एउटा घटनाको प्रश्न होइन, यो नेपालमा संवैधानिक संस्थाहरू कति स्वतन्त्र छन् भन्ने प्रश्नसँग जोडिएको विषय हो। प्रधानमन्त्रीले अब प्रतिशोध त्यागेर कानुनी राज्य स्थापना गर्नुपर्छ । संवैधानिक निकायहरूको स्वतन्त्रता कुनै पनि हालतमा सम्झौताको विषय बन्नु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# तनहुँ जलविद्युत आयोजनाद्वारा सात योजना निर्माणाधीन

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ असार

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनामार्फत् सात योजना निर्माणाधीन अवस्थामा छन्। आयोजनाको प्रभावित क्षेत्रमा सामुदायिक उत्तरदायित्व अन्तर्गत सात वटा योजना निर्माणाधीन अवस्थामा रहेका हुन् ।

आयोजना प्रमुख श्यामजी भण्डारीले वैशाख महिनामा दुई वटा योजना सम्पन्न भएको जानकारी दिनुभयो । उहाँका अनुसार म्याग्दे गाउँपालिका-३ स्थित किल्चोक शाखा सडकमा नाला निर्माण र ऋषिङ गाउँपालिका-१ होक्सेटारमा खानेपानी मुहान तथा पाइप सुधार योजना सम्पन्न भएका छन् ।

आयोजनामार्फत् हालसम्म प्रभावित क्षेत्रमा ९६ वटा योजना सम्पन्न भएका छन् । आयोजनाको सामुदायिक विकास कार्यक्रमअन्तर्गत प्रभावित क्षेत्रहरुमा उपभोक्ता समितिहरुमार्फत् सामुदायिक विकास तथा जीविकोपार्जन पुनर्स्थापन कार्यक्रम सञ्चालनमा रहेको भण्डारीले उल्लेख गर्नुभयो। उपभोक्ता समितिहरुमार्फत् सञ्चालित योजना वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायकबाट नियमित रुपमा अनुगमन गरिएको छ । ऋषिङ गाउँपालिका-७ स्थित माछदाङ टुनीबोट ट्रेल पुलसम्मको पहुँच सडक, भिमाद नगरपालिका-५ स्थित फेदीखोला मोटरेवल पुल निर्माण, ऋषिङ गाउँपालिका-७ स्थित डाडीवन चुलेसी पहुँच मार्ग, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेती नदीमाथि चुलेसी, टुनीबोटे, ब्ल्याङ र टुटुवामा गरिने चारवटा झोलुङ्गे पुलका लागि लठ्ठा आपूर्ति तथा ढुवानी, भिमाद नगरपालिका-५ स्थित वानटाङ खोलामा पक्की पुल निर्माण, म्याग्दे गाउँपालिका-५ फूलबारीस्थित सामुदायिक भवन संरक्षणका लागि पर्खाल लगाउने कार्य र ऋषिङ गाउँपालिका-१ गैराखुदीस्थित दीपक माध्यमिक विद्यालय भवन निर्माण कार्य जारी छन् ।

आयोजना निर्माणका लागि समुदायको महत्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिइएको भण्डारीको भनाइ छ । उहाँले भन्नुभयो, "समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौ, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ ।" आयोजनाको प्याकेज १ अन्तर्गत बाँध लगायतका संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युतगृह तथा सम्बन्धित उपकरणहरु र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको छ।

# म्याग्दीमा रासायनिक मलको अभाव

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असार

म्याग्दीमा रासायनिक मलको अभाव भएको छ । मुख्य खाद्यन्नबाली धान बाली लगाउने तयारी गरेका र बारीमा चैते मकै लगाएका किसानहरु रासायनिक मल नपाएर समस्यामा परेका हुन् ।

माग अनुसार मल आपूर्ति हुँदा अभाव भएको हो । म्याग्दीको उच्च पहाडी क्षेत्रमा किसानले धानबाली रोप्न थालेका छन् । चैत र बैशाख महिनामा बारीमा छरेको मकैमा युरिया मल राख्ने समय भएको छ । मंगला गाउँपालिका-१ कुहुँका किसान इनदेवी मगरले धान रोप्ने र मकै गोड्ने समयमा मल नपाउँदा किसानहरु निराश भएका बताउनुभयो । समयमा युरिया मल छर्न नपाउँदा मकै र धानको उत्पादन घट्ने उहाँले चिन्ता ब्यक्त गर्नुभयो ।

जिल्लामा बर्खेबालीका लागि दुई सय ७८ मेट्रिक्टन युरिया मलको कोटा निर्धारण भएकोमा हालसम्म एक सय १० मेट्रिक्टन मात्र आपुर्ति भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। कार्यालयका प्रमुख सञ्जिव बास्तोलाले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडीङ कम्पनी लिमिटेडले ढुवानीको समस्या देखाएर समयमा मल आयात र वितरणको ब्यवस्था मिलाउन नसकेका बताउनुभयो। "इन्धनको मूल्यवृद्धिको कारण देखाएर ढुवानी ब्यवसायीले वीरगञ्जबाट मल नल्याएका कारण म्याग्दीका डिलरहरुले किसानलाई वितरण गर्न पाएका हुन्," उहाँले भन्नुभयो "जिल्ला प्रशासन कार्यालयको समन्वयमा डिलर, कृषि र खाद्य सामग्री, कृषि विकास कार्यालय र स्थानीय तहका कृषि शाखा प्रमुखहरुको बैठकले आगामी बुधबारभित्र मल आपूर्ति र वितरण सहज बनाउने निर्णय गरेको छ।"

म्याग्दीको तीन हजार आठ सय ८५ हेक्टरमा धान र नौ हजार चार सय ३५ हेक्टर क्षेत्रफलमा मकै खेती हुन्छ।

# राष्ट्रपति पौडेलद्वारा भोटो जात्रा अवलोकन

**रासस**
काठमाडौं, ६ असार

राष्ट्रपति रामचन्द्र पौडेलले वर्षा र सहकालका देवता मानिने रातो मच्छिन्द्रनाथको भोटो जात्रा शनिबार अपराह्न अवलोकन गर्नुभएको छ। प्रथम महिला सविता पौडेलसहित आज ललितपुरको जावलाखेल पुगेर उहाँले सो जात्रा अवलोकन गर्नुभएको हो।

मच्छिन्द्रनाथको रथ लगनखेलबाट जावलाखेल पुऱ्याइएको चौथो दिन भोटो देखाउने परम्परा छ । सो अवसरमा गुठी संस्थानका कर्मचारीले सो भोटो देखाएका थिए भने राष्ट्रपति पौडेलले रातो मच्छिन्द्रनाथसँगै जीवित देवी कुमारीको दर्शन पनि गर्नुभएको थियो । मच्छिन्द्रनाथलाई अन्नदाता, पानी पार्ने देवता, अनिष्ट र अनिकाललाई सामना गर्ने देवताका रूपमा मानिन्छ। त्यसो हुँदा यसको सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्व रहिआएको छ । कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, प्रधानन्यायाधीश डा मनोज शर्मा, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाललगायत उच्च पदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो।

# विद्यालयस्तरीय हक्की प्रतियोगितामा सेन्ट फ्रान्सिस र कालिका माविलाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा सञ्चालन भइरहेको दोस्रो पोखरा खेलकुद महोत्सव तथा मार्सल आर्ट फेस्टिभल-२०८३ अन्तर्गत विद्यालयस्तरीय हक्की प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा छात्रतर्फ सेन्ट फ्रान्सिस स्कुल र छात्रातर्फ कालिका माध्यमिक विद्यालयले उपाधि जित्दै उत्कृष्ट प्रदर्शन गरेका छन् । पोखरा रंगशालाको बहुउद्देश्यीय कभर्डहलमा दुई दिनसम्म सञ्चालन भएको प्रतियोगितामा विभिन्न विद्यालयका विद्यार्थीबीच प्रतिस्पर्धात्मक खेल भएको थियो । छात्रतर्फ कालिका मावि दोस्रो तथा शुक्रराज बलभद्र मावि तेस्रो स्थानमा रह्यो। त्यसैगरी छात्रातर्फ न्यु मिलिनियम स्कुल उपविजेता बन्दा शान्ति निकुञ्ज बोर्डिङ स्कुल तेस्रो स्थान हासिल गर्न सफल भयो।

प्रतियोगिताका विजेता तथा उत्कृष्ट टोलीहरूलाई नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो। दुवै विधामा प्रथम हुने टोलीले १० हजार रुपैयाँ, दोस्रो हुने टोलीले ७ हजार रुपैयाँ र तेस्रो हुने टोलीले ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन्।

पोखरा महानगरपालिका खेलकुद विकास समितिका सदस्य-सचिव सुरज अधिकारीका अनुसार प्रतियोगितामा १४ विद्यालयका २६ टोलीको सहभागिता रहेको थियो। सहभागी टोलीमध्ये छात्रतर्फ १४ र छात्रातर्फ १२ टोली रहेका थिए। विद्यालयस्तरमै हक्की खेलको विकास र विद्यार्थीहरूमा खेलप्रति रुचि अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उनले बताए।

गत जेठ ३० गते औपचारिक रूपमा उद्घाटन भएको दोस्रो पोखरा खेलकुद महोत्सव तथा मार्सल आर्ट फेस्टिभल अन्तर्गत समावेश ११ खेलमध्ये अधिकांश प्रतियोगिता सम्पन्न भइसकेका छन् । महोत्सव अन्तर्गत बाँकी रहेको प्रमुख प्रतियोगिता 'मेयर कप क्रस कन्ट्री साइक्लिङ' आगामी आइतबार आयोजना हुने पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदारले जानकारी दिए। खेल महोत्सवले विद्यालयस्तरदेखि नै खेल प्रतिभाको पहिचान र प्रोत्साहनमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकको विश्वास छ। विभिन्न खेलमार्फत विद्यार्थी तथा युवालाई खेलकुद गतिविधिमा सक्रिय बनाउने लक्ष्यसहित महोत्सव सञ्चालन भइरहेको छ।

# योग दिवसको अवसर पारेर पोखरामा प्रवचन कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार



अन्तर्राष्ट्रिय योग दिवस २०२६ को अवसर पारेर पोखरामा प्रवचन कार्यक्रम आयोजना गरिएको छ।

उपभोक्ता मञ्च गण्डकी प्रदेशको आयोजनामा शनिवार पोखरा रानीपौवास्थित मनमन्दिर परिसरमा उक्त कार्यक्रमको आयोजना गरिएको हो। जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रुपमा मनाउने गरिएको ५।

उपभोक्ता मञ्च गण्डकी प्रदेशका अध्यक्ष कपिलनाथ कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा योगमय जीवन सुखको आधार विषयमा प्रवचन दिइएको थियो।

कार्यक्रमका अध्यक्ष कपिलनाथ कोइराला र प्रमूख वक्ता राजयोग प्रशिक्षक व्रह्मकुमारी सुधाले संयुक्त रुपमा पानसमा दियो बालेर कार्यक्रमको उद्घाटन गरेका थिए। सो अवसरमा प्रमूख वक्ता राजयोग प्रशिक्षक व्रह्मकुमारी सुधाले भौतिक दृष्टिबाट हेर्दा हरेक व्यक्ति योगी देखिने गरेको बताइन्। व्यक्तिको व्यक्तिसँग वा वस्तुसँग योग रहने उनको भनाइ छ । मन, वुद्धि र विचारलाई अनुशाशित बनाउने कार्य योगले गर्ने उनले बताइन्।

त्यसैगरी कार्यक्रमका अध्यक्ष तथा उपभोक्ता मञ्च गण्डकी प्रदेशका अध्यक्ष कपिलनाथ कोइरालाले स्वस्थ्य खानेकुरा जस्तै शारीरिक र मानसिकरुपमा पनि उपभोक्ता स्वस्थ्य रहन आवश्यक रहेको बताए। उपभोक्तामाझ जनचेतना फैलाउने उद्देश्यले कार्यक्रमको आयोजना गरेको उनको भनाइ थियो। पातन्जली योग समितिकी केन्द्रिय उपाध्यक्ष तथा गण्डकी इन्चार्ज कमला गुरुङले योगको महत्व बारे प्रकाश पारेकी थिइन । आहार, निन्द्रा र व्रह्मचर्यको पालन गरेर योग गर्दा बढी फलदायी हुने बताइन। उनका अनुसार योग गर्नु प्रर्दशन भन्दा पनि स्वदर्शन गर्नु हो।

कार्यक्रममा योगसाधक तथा पत्रकार रविन्द्र माकाजूले मान्छेमा पञ्चतत्व हुन्छ भन्ने कुरा बिर्सदा धेरै समस्या उपत्पन्न भएको बताए । व्यक्तिले आफूलाई कमजोर ठान्दा उसले अरुको हित गर्न पनि नसक्ने उनको भनाइ थियो। उपभोक्ता मञ्च गण्डकी प्रदेशकी कोषाध्यक्ष अधिवक्ता मिनाकुमारी रानाभाटले कार्यक्रममा स्वागत मन्तव्य राखेकी थिइन।

# तनहुँबाट हराएका २१ जनामध्ये १७ जना फेला

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ असार

तनहुँ जिल्लामा जेठ महिनामा हराएका २१ जनामध्ये १७ जना फेला परेका छन् । जिल्ला प्रहरी कार्यालय तनहुँले सार्वजनिक गरेको मासिक विवरणअनुसार हराएकामध्ये अधिकांशलाई प्रहरीको खोजतलास तथा अनुसन्धानका क्रममा फेला पारिएको हो।

प्रहरीका अनुसार जेठ महिनामा हराएका व्यक्तिमध्ये १० महिला, तीन पुरुष, एक बालक, चार बालिका र तीन जना ज्येष्ठ नागरिक रहेका थिए । तीमध्ये सात महिला, दुई पुरुष, एक बालक, चार बालिका र तीन जना ज्येष्ठ नागरिक फेला परेका छन् । बाँकी व्यक्तिहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले हराएका व्यक्तिको खोजी तथा उद्धारलाई प्रहरीले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । उहाँले परिवारबाट प्राप्त उजुरी र सूचनाका आधारमा विभिन्न जिल्लासँग समन्वय गरी खोजतलास कार्यलाई तीव्र बनाइएको जानकारी दिनुभयो । "हराएका व्यक्तिहरूलाई सकुशल फेला पार्न प्रहरी निरन्तर सक्रिय छ," प्रहरी नायब उपरीक्षक घिमिरेले भन्नुभयो, "खोजतलास कार्यलाई प्रभावकारी बनाउन विभिन्न प्रहरी इकाइ तथा सम्बन्धित निकायसँग समन्वय गरी काम गरिरहेका छौं।" त्यसैगरी, जेठमा जिल्लाभर ५१ वटा मुद्दा दर्ता भएका छन् । दर्ता भएका मुद्दामध्ये जघन्य तथा गम्भीर प्रकृतिका १०, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित तीन, आर्थिक अपराधसँग सम्बन्धित छ तथा अन्य ३२ वटा मुद्दा रहेका छन् ।

प्रहरीका अनुसार उक्त अवधिमा विभिन्न मुद्दाका ३७ जना प्रतिवादी पक्राउ परेका छन्। अपराध नियन्त्रण तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउँदै कानुनको कार्यान्वयनमा जोड दिइएको प्रहरी नायब उपरीक्षक घिमिरेको भनाइ छ । फैसला कार्यान्वयनतर्फ पनि प्रहरीले उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ। जेठ महिनामा ११ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको छ । पक्राउ परेका प्रतिवादीबाट चार वर्ष दुई महिनाको कैद तथा रु दुई लाख २१ हजार बिगो तथा जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

प्रहरी नायब उपरीक्षक घिमिरेले जिल्लामा शान्तिसुरक्षा कायम राख्न, अपराध नियन्त्रण गर्न तथा अदालतबाट भएका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रहरी सक्रिय रूपमा परिचालित रहेको बताउनुभयो। "अपराध नियन्त्रण, फरार प्रतिवादी पक्राउ तथा नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रहरी निरन्तर खटिएको छ," उहाँले भन्नुभयो, "समुदायको सहयोग र सूचनाका आधारमा अपराध नियन्त्रणका प्रयासलाई अझ प्रभावकारी बनाउँदै जानेछौं।"

# न्यू ग्यालेक्सीमा कक्षा ११ का विद्यार्थीलाई स्वागत

पोखरापत्र संवाददाता
गण्डकी, ६ असार

न्यू ग्यालेक्सी इङ्लिस सेकेण्डरी स्कुलमा नवप्रवेशी कक्षा ११ का विद्यार्थीहरूलाई विशेष कार्यक्रम आयोजना गरी स्वागत तथा सम्मान गरिएको छ

शनिवार विद्यालयले एक कार्यक्रमको आयोजना गरी कक्षा ११ का विद्यार्थी शिक्षक र विद्यालयबाट ४ जिपिए ल्याउने विद्यार्थीलाई सम्मान गरेको हो ।




उक्त अवसरमा विद्यालयको तर्फबाट २०८२ को एसइईमा ४ जिपिए ल्याउने विद्यार्थी आर्यमान अधिकारी र आयुष कुमार दासलाई नगद १/१ लाख र सम्मान पत्रले सम्मान गरिएको थियो । यी दुई विद्यार्थी हाल न्यू ग्यालेक्सीमै कक्षा ११ को साइन्स तर्फ पूर्ण छात्रवृत्तिमा अध्ययन सुरु गरेका विद्यालयका निर्देशक राजु कायस्थले जानकारी दिए ।

त्यसै गरी विद्यालयमा लामो समयसम्म सेवारत शिक्षकहरू राजेश भण्डारी, भरत भण्डारी, धनप्रसाद श्रेष्ठ, विष्णु प्रसाद अधिकारी, सरिता पोखेल अधिकारी, रामचन्द्र शर्मा र भोजराज अधिकारीलाई सम्मान गरिएको थियो । उक्त अवसरमा चर्चित गायिका मिलन नेवारलाई पनि सम्मान गरिएको थियो । गायिका नेवारले आफ्नो सांगीतिक प्रस्तुति मार्फत मनोरञ्जन दिलाएकी थिइन् । कार्यक्रममा नव आगन्तुक विद्यार्थीहरूलाई अबिर खादा लगाई शुभकामना सन्देश प्रदान गर्दै विद्यालय परिवारमा स्वागत गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेश पोखराका निर्देशका सुवास पन्तले जीवनको स्थायी गोरेटो कोर्नका लागि पहिलो पाइला कक्षा ११ भएको बताउँदै विद्यार्थी मेहनतका साथ आफ्नो अध्ययनलाई अगाडि बढाउन आग्रह गरे । कार्यक्रमले विद्यार्थीहरूमा आत्मविश्वास बढाउनुका साथै विद्यालयप्रति अपनत्वको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक डा. रामजी शर्माले विद्यार्थीहरूलाई अनुशासन, परिश्रम र सकारात्मक सोचका साथ अध्ययनमा अग्रसर हुन प्रेरित गर्दै विद्यालयले गुणस्तरीय शिक्षा, आधुनिक शिक्षण पद्धति तथा विभिन्न अतिरिक्त क्रियाकलापमार्फत उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष लक्ष्मीमाया कायस्थको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक धन प्रसाद श्रेष्ठ, विद्यार्थी सुदिक्षा ठकुरी, सान्दी श्रेष्ठ, स्वकृती पौडेल लगायतले बोलेका थिए ।

कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक प्रस्तुति, परिचयात्मक कार्यक्रम समेत गरिएको थियो । कक्षा ११ मा यो वर्ष ३ सय विद्यार्थी भर्ना भएको विद्यालयले जनाएको छ । विद्यालयमा कक्षा ११ र १२ तर्फ साइन्स, कम्प्युटर, म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, टुरिजमका विषयमा पढाइ हुदै आएको छ ।

# पोखरामा 'बवाल वेयर्स'को आउटलेट सञ्चालन

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

पर्यटकीय शहर पोखरामा नेपाली कपडा ब्राण्ड 'बवाल वेयर्स'को आउटलेट सञ्चालनमा आएको छ ।

राजधानी केन्द्रित कारोबार गर्दै आएको बवाल वेयर्सले पोखराको सभागृहमा नयाँ आउटलेट सञ्चालनमा ल्याएको हो । कम्पनीले पर्यटकीय शहर पोखरालाई प्रमुख बजारका रुपमा लिदै शाखा विस्तार गरेको हो । शुक्रबारदेखि सञ्चालनमा आएको उक्त आउटलेटको कम्पनीका सञ्चालकहरु सिसन बानियाँ ,बिराट गिरी र बेनदि भारतीले संयुक्त रुपमा उद्घाटन गरे । शुक्रबारदेखि सञ्चालनमा आएको आउटलेटको डिजाइन तथा उत्पादन संग्रह पोखरेली शैली, भाषा र स्थानीय पहिचानमा केन्द्रित रहेको छ । पोखरेली स्ल्याङ, स्थानीय सन्दर्भ र प्रिन्ट समेटिएका कपडाहरू उपलब्ध गराइने कम्पनीका सञ्चालक बिराट गिरीले बताए । दैनिक प्रयोगका कपडादेखि समसामयिक फेसनका



उत्पादनहरू समेत उपलब्ध छन् । हाल कम्पनीले प्रिन्टेड टिसर्टका साथै 'बवाल एसेन्सियल्स' नामक उप-ब्रान्डमार्फत सर्ट, पाइन्ट, ट्राउजरलगायत आधारभूत परिधान उत्पादन गर्दै आएको छ । निकट भविष्यमा आफ्नै ब्रान्डको जिन्स सार्वजनिक गर्ने तयारी समेत रहेको गिरीले बताए । गिरीका अनुसार पोखरा ब्रान्डका लागि प्रमुख बजारमध्ये एक भएकाले यहाँ शाखा विस्तार गरिएको हो । काठमाडौंबाट पठाइने उत्पादनमध्ये पोखरा प्रमुख बजार रहेको र यहाँका ग्राहकले ब्रान्ड तथा डिजाइनलाई उत्साहपूर्वक रुचाइरहेका छन् । पोखरा शाखामा ४५-५० लाख रुपैयाँ लगानी गरिएको छ । आउटलेट उद्धाटनको अवसरमा कम्पनीले एक सातासम्म ग्राहकलाई ५ प्रतिशत छुट दिने जनाएको छ । आगामी दिनमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम तथा विशेष छुट योजनाहरू पनि सञ्चालन गरिने छन् । कम्पनी सञ्चालनमा आएको साढे दुई वर्ष भएको छ । आगामी दिनमा काठमाडौंमा थप आउटलेट विस्तार गर्ने तथा पूर्वी नेपालका सहरहरूमा पनि शाखा खोल्ने योजना रहेको छ । साथै विभिन्न युवाहरूलाई रोजगारी समेत दिइएको छ । हाल काठमाडौंस्थित कार्यालय र उत्पादन केन्द्रमा ७० जना कार्यरत छन् ।

# पोखरामा ओलम्पिक दिवसको अवसरमा दौड

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

पोखरामा अन्तर्राष्ट्रिय ओलम्पिक दिवस मनाउने अभियान अन्तरगर्त ५ किमि दौड प्रतियोगिता आयोजना भएको छ । शनिवार नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजना तथा पोखरा महानगरपालिका वडा नं. १ को विशेष सहयोगमा दौड प्रतियोगिता आयोजना सम्पन्न भएको हो ।

मञ्चले हप्ताको पहिलो शनिवार साप्ताहिक तथा मासिक दौड कार्यक्रम अन्तर्गत १८ औं श्रृङ्खलाको ५ किमि दौड आयोजना गरेको हो । उक्त दौडमा १६ बर्ष मुनिका बिद्यार्थी छात्र/छात्रा, खुला महिला, पुरुष र पोखरा महानगरपालिका वडा नम्बर १ स्तरिय आमा समुह सदश्यहरुको ३ किमि दौड प्रतियोगिता भएको नेशनल ओलम्पिक एकेडेमी, नेपालका अध्यक्ष तेज बहादुर गुरुङले बताए । दौड पोखराको पुरानो टुँडिखेल राष्ट्रिय मावि अगाडिबाट शुरु भएर पोखराको




बिभिन्न ठाउँ परिक्रमा गरेर सोहि ठाउँमा आएर समापन भएको हो । प्रतियोगितामा १६ बर्ष मुनिका बिद्यार्थी छात्र दौडमा केफ स्कुलका दिपेश रुचाल पहिलो, माछापुच्छ्रे स्कुलका ईश्वर प्रजा दोस्रो र गौरीशङ्कर स्कुलका कुलश खत्री तेस्रो हुन सफल भए ।

त्यस्तै छात्रा तर्फ अब्या कल्वका कबिता मगर पहिलो, सेन्ट मेरिजकी सम्पिता मर्शानी दोस्रो र गण्डकी बोर्डिङ स्कुलकी सादगी शर्मा तेस्रो भइन् । त्यस्तै खुला महिला तर्फ नितु तामाङ पहिलो,ओममाया गुरुङ दोस्रो र सुजिता मास्के तेस्रो भइन् । खुला पुरुष तर्फ महेन्द्र बोगटी पहिलो,महेन्द्र घर्ती मगर दोस्रो र सुजन थापा तेस्रो हुन सफल भएका हुन् । आमा समुह दौड तर्फ नमुना आमा समुहकि उमादेवी बराल पहिलो,कामना जागरण महिला समुहकि मैया देवी मगर दोस्रो र सिद्धार्थ आमा समुहकि सिता देवकोटा तेस्रो हुन सफल भएको सचिव महेश पौडेलले बताए । आमा समुह दौडमा ७६ बर्षकि राधा देवी पराजुलीले पनि ३ किमि दौड पुरा गर्न सफल भएकी हुन । बिजेता खेलाडीहरुलाई गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका मन्त्री गोविन्द बहादुर नेपाली, पोखरा महानगरपालिका वडा नं. १का वडा अध्यक्ष साहारा प्रधान, मञ्चका अध्यक्ष दिल बहादुर गुरुङ,रेश डाइरेक्टर तेज बहादुर गुरुङ, निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुली, प्रथम उपाध्यक्ष खेम गुरुङ, द्वितिय उपाध्यक्ष कृष्ण तिमिल्सिना, सचिव महेश पौडेल, प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्स गण्डकी प्रदेश प्रमुख पुस्कर भट्टराई,पोखरेली मञ्च युकेका सल्लाहाकार बाचस्पती रेग्मी लगाएतले मेडल, प्रमाणपत्र तथा विभिन्न गिफ्ट ह्याम्पर प्रदान गरेका थिए ।

सो कार्यक्रममा प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्स, पोखरा महानगरपालिका वडा नं ७ र कास्की जिल्ला खेलकुद विकास समिति सहयोगि संस्थाको रुपमा रहेका थिए ।

पोखरा अन्तराष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले नियमित रूपमा यस्ता दौड प्रतियोगिता सञ्चालन गर्दै आएको छ यस कार्यक्रमले स्थानीय स्तरमा खेलकुद संस्कृति विकास तथा नयाँ प्रतिभा पहिचानमा सहयोग पुगे विश्वास गरिएको छ ।

# सौराहबाट जाउँ है पोखरा अभियान सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

यसबर्षको जाउँ है पोखरा अभियान शनिबार चितवनको पर्यटकीय केन्द्र सौराहबाट सुरु भएको छ ।

कालीका नगरपालिकाका प्रमुख विनोद रेग्मीले अभियान अन्तर्गत सौराहमा आयोजित छलफल कार्यक्रमको उद्घाटन गरे । तीन दिने अभियान अन्तर्गत भैरहवा र पाल्पा पनि समेटिने छन् । होटल संघ पोखरा नेपालको आयोजना र नेपाल पर्यटन बोर्ड गण्डकीको सहआयोजना तथा प्रबर्द्धनमा यो अभियान संचालन गरिएको हो ।

आन्तरिक पर्यटन नै दिगो पर्यटनको आधार मान्दै २५ बर्ष अघि यो अभियान सुरु गरिएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । पर्यटनको राजधानी पोखरासँग चितवन, लुम्बिनी र पाल्पालाई जोड्ने तृकोणीय पर्यटन प्रबर्द्धनको उद्देश्य



समेत अभियानले लिएको अध्यक्ष सुवेदीले बताए ।

कालीका नगर प्रमुख रेग्मीले आफ्नो नगरले कृषि पर्यटनमा जोड दिएको बताए । सबै भन्दा धेरै मह र च्याउ उत्पाद गर्ने नगरपालिका कालीका भएको दाबी उनले गरे । होटल संघ नेपालका केन्द्रिय सदस्य सुमन घिमिरेले आन्तरिक पर्यटन प्रबर्द्धनमा जाउँ है पोखरा अनुकरणीय अभियान भएको बताए । सिल्भर ट्र्याङ्गलको अवधारणा अन्तर्गत सयुक्त पर्यटन प्याकेज विकासको प्रस्ताव उनले राखे । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले सिल्भर ट्र्याङ्गलको अवधारणा पुनः अगाडि बढाईएको स्मरण गराए । जाउँ है पोखरा अभियानसँग बोर्ड सुरुवाती समयबाटै जोडिएको उनले जानकारी गराए ।

क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष ओम प्रकाश पाण्डेले चितवनका पर्यटकीय क्षेत्रबारे अवगत गराए । पर्यटकलाई सहज हुने खालका नीति सरकारले ल्याउनुपर्ने उनले सुझाव राखे ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले नयाँ पदमार्गहरुको खोजी, उत्थान र प्रबर्द्धनमा आफ्नो संस्था लगिरहेको जानकारी दिए । पर्यटनलाई भिन्न र नयाँ ढंगले अगाडि बढाउनु पर्ने अवस्था आएको उनले बताए ।

कार्यक्रममा पर्यटन विज्ञ विश्व सुवेदीले दामोदर कुण्ड र त्रिवेणी धाम जोड्ने गरी हरिहर परिक्रमा पथ विकासको प्रस्ताव राखे । कुमरोज मध्यवर्ती सामुदायिक बनका अध्यक्ष राजु सिलवाल र रत्ननगर नगरपालिका ७ का वडा सदस्य सूर्यबहादुर तामाङले पनि कार्यक्रममा आफ्नो भनाई राखेका थिए । कार्यक्रमको संचालन आयोजक संघका सचिव पार्वती पाण्डेले गरेकी थिईन् ।

# ज्यामरुक कोटको थुम्कामा ४५ फिट अग्लो राष्ट्रिय झण्डा

पोखरापत्र संवाददाता
तनहुँ, ६ असार

स्थानीय भानु नगरपालिका-१२ स्थित ज्यामरुक कोट थुम्कामा ४५ फिट अग्लो राष्ट्रिय झण्डा स्तम्भ स्थापना गरिएको छ ।

अधिकारी क्षेत्रीको कुलदेवता थानको परिसरमा अवस्थित ऐतिहासिक तथा प्राकृतिक सौन्दर्यले भरि पूर्ण कोटमा झण्डा राखिएको हो । नगरप्रमुख आनन्दराज त्रिपाठी र वडाध्यक्ष बेलबहादुर अधिकारीले संयुक्त रुपमा झण्डा स्तम्भको उदघाटन गर्नुभयो ।

नेपालकै गौरव र गाथाहरुले भरिपूर्ण मनोहर प्राकृतिक वरदानले सजिएको ऐतिहासिकस्थलका रूपमा कोट थुम्का परिचित छ ।

राष्ट्रिय झण्डा स्तम्भ स्थापनापछि थप आकर्षक र पर्यटकीय गन्तव्यको रुपमा कोट थुम्काको विकास हुने अपेक्षा गरिएको नगरप्रमुख त्रिपाठीले बताउनुभयो । मिलुङ बहुउद्देश्यीय कृषि फर्मका सञ्चालक कुशलचन्द्र अधिकारीले कोट थुम्का पर्यटकीय दृष्टिकोणले गन्तव्य बन्दै गएका कारण यहाँको कृषि क्षेत्रमा थप सहयोग पुग्ने बताउनुभयो ।

त्यस क्षेत्रको विकासका सन्दर्भमा थप २०० वटा लालिगुराँसको बिरुवा रोप्ने लक्ष्यसमेत राखिएको छ ।

# सुखावती च्यारिटि स्टोर्सलाई कपडा हस्तान्तरण

पोखरापत्र संवाददाता
लमजुङ, ६ असार

लायन्स क्लब अफ पोखरा आँगनले पोखरा १७, पार्दी स्थित सुखावती च्यारिटि स्टोर्सलाई लगाउन मिल्ने ८० के.जि. कपडा हस्तान्तरण गरि कपडा वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमको अध्यक्षता क्लबका अध्यक्ष लायन विनोद प्रसाद श्रेष्ठले गरेको कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लब ईन्टेरनेशनल डिष्ट्रिक्ट ३२५ के नपालका डिष्ट्रिक्ट गभर्नर लायन दुर्गा प्रसाद हुमागाई हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रमुख अतिथिले सुखवति च्यारिटि स्टोर्सका पोखरा शाखा प्रवन्धक अन्जना




थापा लाई संकलित कपडाहरु हसतातरण गरिएको कार्यक्रममा कोल्ड बैक चिफ लायन पदम बहादुर ढकाल, च्यारितिका पोखरा प्रमुख अन्जना थापा र जोन चियर पर्सन लायन राजेन्द्र प्रसाद आचार्यले शुभकामना मन्तव्य ब्यक्त गर्नु भएको थियो भने कार्यक्रम संयोजक क्लबका पुर्व अध्यक्ष लायन श्याम कृष्ण श्रेष्ठ रहनु भएको कार्यक्रममा क्लबका पुर्व अध्यक्षहरु लगायत क्लब अर्फिसरहरुको सहभागिता समेत रहेको थियो ।

# गाउँपालिकाको आफ्नै डोजर

पोखरापत्र संवाददाता
मुस्ताङ, ६ असार

हिमाली जिल्ला मुस्ताङको सदरमुकामस्थित घरपफोङ गाउँपालिकाले स्काभेटर (जेसिबी) डोजर खरिद गरेको छ । हिउँद तथा बर्खायाममा हुनसक्ने मनसुनजन्य प्राकृतिक विपद्को व्यवस्थापन तथा भौतिक पूर्वाधार निर्माणलगायतका कार्यमा उपयोग गर्ने गरी घरपफोङ गाउँपालिका डोजर खरिद गरेको हो । चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार गाउँपालिकाले पैसठ्ठी लाख मुल्य बराबरको स्काभेटर उपकरण किनेको अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो ।

गाउँपालिकासँग डोजरलगायतका उपकरण नहुँदा विपद् प्रतिकार्य तथा भौतिक निर्माणमा ठूलो खर्च हुने गरेकाले त्यस्ता कार्यमा उपकरण परिचालन गर्दा लाग्ने खर्च घटाउन डोजर किन्नु परेको अध्यक्ष लालचनले बताउनुभयो । बर्खायाममा नदी कटान तथा बाढी पहिरोका कारण भौतिक संरचना क्षति हुने गरेको र हिउँदयाममा हिमपातका कारण सडक अवरुद्ध हुने गरेकाले पालिकाले आफ्नै डोजर व्यवस्थापन गरेको जनाएको छ ।

यसअघि उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकालाई भारत सरकारले अनुदान सहयोगमा डोजर उपहार दिएको थियो ।